# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS


Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV YEAR OF OUR LORD JESUS CHRIST, 2025 JANUARY No. 01

## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### भजनसंग्रह १०१:१-८

१. म तपाईंको प्रेम र न्यायको गीत गाउनेछु, हे परमप्रभु, म तपाईंको प्रशंसा गाउनेछु ।

२. म निर्दोष जीवन बिताउनलाई होसियार रहनेछु । तपाईं मकहाँ कहिले आउनुहुने ? म आफ्नो घरभित्र शुद्ध आचरणको जीवन बिताउनेछु ।

३. मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ । पथभ्रष्ट भएकाहरूका कामलाई म घृणा गर्छु, तिनीहरू मसित टाँसिनेछैनन् ।

४. कुटिल मति भएका मानिसहरूबाट म टाढा रहनेछु । कुनै खराबी कामसित म केही सम्बन्ध राख्नेछैनँ ।

५. जसले आफ्नो छिमेकीको निन्दा गुप्तमा गर्दछ, त्यसलाई म नाश गर्नेछु, अभिमानी दृष्टि भएको र घमण्डी हृदय भएकालाई म सहनेछैनँ ।

६. मेरो कृपादृष्टि देशका विश्वासयोग्य जनहरूमाथि रहनेछ ताकि तिनीहरू मसित बास गरून् । त्यो जो निर्दोष मार्गमा हिँड्दछ, त्यसले मेरो सेवा गर्नेछ ।

७. छलकपट गर्ने मानिस मेरो घरमा बस्न पाउनेछैन, झुट बोल्ने मानिस मेरो नजरको सामुन्ने रहन पाउनेछैन ।

८. देशका सबै दुष्ट जनहरूलाई हरेक बिहान म नष्ट पार्नेछु, परमप्रभुको सहरबाट दुष्ट काम गर्नेहरू सबैलाई म नष्ट पार्नेछु ।

# प्रभु येशूले

## तपाईंलाई गर्नुभएका उहांका प्रतिज्ञाहरू सम्झनुहुनेछ

THE LORD JESUS CHRIST WILL REMEMBER HIS PROMISES TO YOU!

**सम्माननीय प्रधानसम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**



मेरा फैलिनुभएको **बोलावटको प्रतिध्वनि** परिवारलाई नयाँ वर्षको शुभकामना ।

यो वर्ष त्यस्तो वर्ष हुनेछ भनेर म प्रार्थना गर्दछु, जहाँ परमेश्वरले तपाईं, तपाईंको परिवार र उहाँको निम्ति तपाईंले गर्नुभएका असल काम सम्झनुहुन्छ ।

हाम्रो परमेश्वर प्रतिज्ञा निभाउनुहुने हुनुहुन्छ भनेर बाइबलले हामीलाई निश्चय दिलाउँछ । उहाँले घोषणा गर्नुहुन्छ, **मैले तँलाई भनेको कुरा पूरा नगरुञ्जेल म तँलाई छोड्नेछैनँ** (उत्पत्ति २८:१५) । जब परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ, त्यो पूरा गर्न उहाँ विश्वासयोग्य हुनुहुन्छ- उहाँको सिद्ध समयमा । उहाँको समय एकैदिन, हप्ता, महिना, वर्ष वा पुस्तामा आउन सक्छ । तापनि, उहाँको प्रतिज्ञा सधैं पूरा हुनेछ ।

सन् २०२५ तपाईंको काइरोस वर्ष हुनेछ भनेर म प्रार्थना गर्छु- तपाईंको जीवनमा परमेश्वरको प्रतिज्ञा प्रदर्शन गर्न उहाँले तोक्नुभएको समय ।

*बाँकी पृष्ठ ३ मा*




बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल

**यूट्यूब ख्रीष्टियान च्यानल**

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

**★ Please Subscribe and Share ★**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

HON. MANAGING EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

GENERAL MANAGER

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

ADMINISTRATION

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

EDITORIAL BOARD

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER



Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858, 95661 31858

E.MAIL

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

YOUTUBE CHANNEL

Echo of His Call


**...तेरा ढुकुटीहरू पोखुन्जेल भरिनेछन् र तेरा भाँडाहरू नयाँ मद्यले चुलिएर पोखिनेछन् (हितोपदेश ३:१०) ।**

परमप्रभुमा प्रिय परमेश्वरका सन्तान,

हाम्रो प्रेमिलो अभिवादन तपाईंलाई । हामी निरन्तर तपाईंको दैनिक सुरक्षा र तपाईंको जीवनको हीतको निम्ति प्रार्थना गर्दछौं । विगतको वर्षभरि हामीलाई दिनुभएको आनन्दमय सहायता र तपाईंको जोशिलो प्रार्थनाको निम्ति तपाईंलाई धन्यवाद । तपाईं सबै जना सकुशलै हुनुहुन्छ भनेर हामी विश्वास गर्दछौं ।

विगतको वर्षमा सेवकाइको हाम्रो मार्गमा परमेश्वरको भलाइ पूर्णरूपमा थियो । तापनि, यर्दन नदीजस्तो परीक्षाहरू र लाल समुद्रजस्तो पीडामाथि विजय गर्न परमप्रभुले हामीलाई सहायता गर्नुभयो, अन्यथा मानिसको शक्तिले यीमाथि विजय गर्न सम्भव थिएन ।

तपाईंको जीवनमा पनि यही हुन सक्छ । नडराउनुहोस् । तपाईंको पक्षमा खडा भएर परमेश्वर तपाईंको निम्ति लडाइँ गरिरहनुभएको छ र उहाँले निरन्तर त्यसै गर्नुहुनेछ । **किनकि परमप्रभुले यसो भन्नुहुन्छः तिमीहरूले न बतास न त पानीको झरी देख्नेछौ, तापनि यो बेँसी पानीले भरिनेछ र तिमीहरू, तिमीहरूका गाई-गोरु र अरू पशुहरूले पानी पिउनेछन् (२ राजा ३:१७) ।**

**यसकारण सर्वोच्च परमप्रभु भन्नुहुन्छ, हेर, मैले सियोनमा एउटा ढुङ्गो बसालेको छु, एउटा जाँचेको ढुङ्गो, दृढ जगको निम्ति एउटा बहुम□ल्य कुने-ढुङ्गो । भरोसा गर्नेले कहिल्यै हरेस खानेछैन (यशैया २८:१६) ।** चिन्तित नहुनुहोस् । परमेश्वरले तपाईंको निम्ति पनि आश्चर्यकर्म गर्नुहुनेछ । पहाड र डाँडा हटेर जान सक्नेछ र समुद्रको बीचमा धकेलिन सक्छ, उहाँको अनुग्रह तपाईंबाट कहिल्यै अलग हुनेछैन । **पर्वतहरू हल्लाइए र डाँडाहरू हटाइए पनि तेरो निम्ति मेरो अटूट प्रेम हटाइनेछैन, न त मेरो शान्तिको करार भङ्ग हुनेछ, तँलाई कृपा गर्नुहुने परमप्रभु भन्नुहुन्छ** (यशैया ५४:१०) । तपाईंलाई पतनबाट जोगाउन सक्ने परमेश्वर तपाईंसँग हुनुहुन्छ, साहसी हुनुहोस् । यो वर्षको अन्त्यअघि नै तपाईंको निम्ति राखिएको हरेक असल थोक निश्चय नै तपाईंले पाउनुहुनेछ ।

हाम्रो सेवकाइको मार्ग कठिन छ, शत्रुको विरुद्धमा निरन्तर लडाइँ गरिरहँदा हाम्रा शक्ति कमजोर भएका छन् । तर परमेश्वरले हामीलाई उचाल्नुहुन्छ । **किनभने धर्मी मानिस सातै पटक लड्यो भने पनि फेरि उठ्छ तर दुष्टहरूलाई विपत्तिले नाश गरिदिन्छन्** (हितोपदेश २४:१६) । त्यसकारण, हामी निराश भएका छैनौं । परमेश्वरको शक्तिले हामीलाई सम्हालिरहेको छ ।

हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति तपाईंको निरन्तरको प्रार्थना र उदारचित्तका भेटीहरूको पनि आग्रह गर्दछौं, साथै हाम्रो सेवकाइमा मेहेनेत । अनि परमेश्वरका अन्य सेवकहरूलाई पनि सहायता गर्न नबिर्सनुहोस् । परमप्रभुले तपाईंको आशिष् प्रशस्त गरिदेऊन् । आमेन ।

तपाईं सबैलाई नयाँ वर्षको शुभकामना ।

*येशू ख्रीष्टमा तपाईंका सेवकहरू*

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

# विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।
साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

## चिन्तित प्रार्थनाको निम्ति चिन्तित समयमा बोलावटः

जब परमेश्वरले तपाईंलाई प्रतिज्ञा दिनुहुन्छ, त्यो पूरा नहोऊञ्जेल प्रार्थनामा स्थिर रहनुहोस्, विश्वासमा त्यसलाई दाबी गरिरहनुहोस् । प्रायः निरासाजनक परिस्थितिहरूमा जोशिलो र इमानदार प्रार्थनाको आवश्यकता हुन्छ । बाइबलभरि नै हामीले असंख्य व्यक्तिहरूको उदाहरण पाउँछौं, जसले आफ्नो प्रयासको क्षणमा निरासामा परमेश्वरतिर फर्केका थिए- र उहाँले तिनीहरूलाई सम्झेर प्रतिक्रिया दिनुभयो ।

जब म भन्दछु, परमेश्वरले सम्झनुभयो, यसको अर्थ उहाँले प्रायः बिर्सनुहुन्छ भन्ने होइन । त्यसको साटो जब हामीले विश्वास र निरन्तर प्रार्थना गर्छौं, हाम्रो पुकाराको प्रतिक्रियामा स्वर्गमा हलचल हुन्छ भनेर यसले इङ्गीत गर्दछ । आमेन ।



**I am a woman who is deeply troubled - Hannah's Prayer**

हन्नाहको कथालाई विचार गरौं, जसले बच्चा पाउन नसक्ने आफ्नो बाँझोपनाको बारेमा गहन शोक गरेकी थिइन् । तिनको निरासामा तिनले घोषणा गरिन्, **...म ठूलो पीरमा परेकी स्त्री हुँ...** (१ शमूएल १:१५) । प्रार्थनामा आफ्नो हृदय पोखाएपछि तिनको अनुहार परिवर्तन भयो । बाइबलले हामीलाई बताउँछ **...तिनको अनुहार फेरि उदास भएन** (१ शमूएल १:१८) किनभने परमेश्वरले तिनको जवाफ दिनुहुन्छ भनेर तिनले विश्वास गरेकी थिइन् । उहाँको स्वभावमा सत्य ठहर्दै, **... परमप्रभुले तिनलाई सम्झनुभयो** (१ शमूएल १:१९) र तिनले बालक प्राप्त गरेर आशिष् पाएकी थिइन् ।

अर्को शक्तिशाली उदाहरण हिजकीया हुन् । जब परमेश्वरले तिनलाई आफ्नो मृत्युको निम्ति तयार हुन निर्देशन दिनुभयो, हिजकियाले निरासाको प्रार्थना गरेः

**हे परमप्रभु, सम्झना राख्नुहोस्, म तपाईंको सामुन्ने कस्तो विश्वास र सम्पूर्ण हृदयको भक्तिसाथ हिँडेको छु र तपाईंको दृष्टिमा जे असल छ त्यो गरेको छु...** (२ राजा २०:३) । तिनको करुण पुकाराले परमेश्वरले काम गर्नुभयो र तिनको जीवन लम्बिएको थियो ।

निरासाको समयमा गरिएका प्रार्थनले कसरी परमेश्वरको हृदयलाई छोएको थियो र ईश्वरीय हस्तक्षेप प्रदान गरिएको थियो भन्ने गवाहीले बाइबल भरिएको छ ।

हरेक समयमा मानिसहरूले प्रार्थना गरे, परमेश्वरले सम्झनुभयो । विगतको वर्षमा तपाईंमध्ये कति जनाले यसो भन्दै पुकारा गर्नुभयो भनेर मलाई थाहा छैन, प्रभु, तपाईंको प्रेमिलो दयामा मलाई सम्झनुहोस् । प्रभु, ममाथि कृपा गर्नुहोस् । कृपया मतिर हेर्नुहोस् । मेरो अवस्थामा ध्यान दिनुहोस् ।

तपाईंको निम्ति मसँग असल समाचार छ । त्यसकारण सर्वोच्च परमप्रभुले घोषणा गर्नुहुन्छः

**...मैले भनेको एउटै कुरा पनि अब ढिलो हुनेछैन, तर जे कुरा म भन्दछु, सो पूरा हुने नै छ, परमप्रभु परमेश्वर भन्नुहुन्छ** (इजकिएल १२:२८) ।

सन् २०२५ मा यो मेरो हृदयको प्रार्थना हो, परमेश्वरले तपाईंलाई सम्झनुहुनेछ र तपाईंको जीवन, तपाईंको परिवार र तपाईंको सेवकाइको निम्ति उहाँको योजना पूरा गर्नुहुनेछ ।

हामीलाई सम्झन परमेश्वरलाई हामीले जति धेरै चाहना गर्दछौं, यो वर्षको सुरुवातमा केही कुराहरू सम्झन उहाँले हामीलाई पनि बोलाउनुहुन्छ । हामीले समात्नुपर्ने र पछ्याउनुपर्ने केही महत्वपूर्ण सिद्धान्तहरू उहाँले हामीलाई सम्झाइरहनुहुन्छः

### १. परमप्रभुका कार्यहरू र आश्चर्यकर्महरू सम्झनुहोस्:

**परमप्रभुका कार्यहरूको म स्मरण गर्नेछु, निश्चय नै तादिका तपाईंका आश्चर्यकर्महरू म सम्झनेछु । म तपाईंका सबै कामहरूमाथि मनन गर्नेछु र तपाईंका सबै शक्तिशाली कार्यहरूमाथि चिन्तन गर्नेछु** (भजनसंग्रह ७७:११-१२) ।

हाम्रो जीवनमा परमेश्वरले प्रदर्शन गर्नुभएका आश्चर्यकर्महरू र आशिषहरूमाथि मनन गर्न बाइबलले हामीलाई सिकाउँछ । यहोशू ४



**Israelites, under Joshua's leadership, crossed the River Jordan.**

अध्यायमा यसको स्पष्ट उदाहरण पाउँछौं, जहाँ यहोशूको नेतृत्वमा इस्राएलीहरूले यर्दन नदी तरेका थिए ।

नदी तर्दै गर्दा परमेश्वरको शक्तिशाली कार्य सम्झन केही महत्वपूर्ण कार्य गर्न उहाँले तिनीहरूलाई आज्ञा दिनुभयो । उहाँले हरेक कुललाई नदीको बीच भागबाट एउटा ढुङ्गा ल्याउन निर्देशन दिनुभयो । यी ढुङ्गाहरूले परमेश्वरको विश्वासयोग्यताको स्मृतिको रूपमा काम गरेका थिए ।
परमप्रभुले भन्नुभयो:

**पछि भविष्यमा तिमीहरूका छोराछोरीहरूले यी ढुङ्गाहरूको अर्थ के हो भनेर सोध्दा तिमीहरूले तिनीहरूलाई यसो भन्नू, परमप्रभुका करारका सन्दूकको सामु यर्दन नदीको पानी रोकिएको थियो** (यहोशू ४:६-७) ।

सन् २०२४ बाट वा सोभन्दा अघिल्ला वर्षहरूबाट तपाईंसँग केकस्ता स्मृतिहरू छन् ? इस्राएलीहरूले यर्दन नदी तर्ने चुनौतिको सामना नगरेका भए तिनीहरूसँग अर्को पुस्ताको निम्ति हस्तान्तरण गर्ने स्मृतिको ढुङगाहरू हुनेथिएनन् ।

त्यस्तै गरी कहिलेकाहीँ परमेश्वरले यर्दन नदीजस्तै गर्जने, तीव्र गतिजस्तै ठूला चुनौतिहरूको सामना गर्न हामीलाई अनुमति दिनुहुन्छ । यी चुनौचीहरूले हाम्रा विश्वासलाई मात्रै निर्माण गर्दैनन् तर परमेश्वरले हाम्रो निम्ति र आउन लागेका पुस्ताहरूका निम्ति के गर्न सक्नुहुन्छ भन्ने कुराको गवाहीको रूपमा सेवा गर्नहुन्छ ।

## २. आफ्नो सृष्टिकर्तालाई सम्झनुहोस्- उपदेशक १२:१

प्राय: हामीले यस पदलाई विशेष गरी जवान मानिसहरूलाई सम्बोधन गर्दै हेर्छौं । वास्तवमा, यसले भन्दछ, **...आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर** (उपदेशक १२:१) । तापनि, हाम्रो सम्पूर्ण जीवनभरि नै हाम्रो सृष्टिकतालाई सम्झन हामीलाई बोलावट दिँदै यो केवल युवाहरूभन्दा पनि अघि जान्छ ।

प्राय: हामीले सृष्टिकर्ताभन्दा सृष्टिलाई धेरै प्राथमिकता दिन्छौं । जसरी बाइबलले चेतावनी दिएको छ:

**किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झुटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे** (रोमी १:२५) ।

यस कुरालाई बुझीकनै हामीले प्राय: ती कुरा बनाउनुहुनेलाई भन्दा भौतिक थोकहरूलाई बढी महत्व दिन्छौं । पवित्रशास्त्रले हामीलाई सम्झाउँछ:

**...पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजी गर र यी सबै थोक तिमीहरूलाई थपिनेछ...** (मत्ती ६:३३) ।

हामीले स्रोतलाई बिर्सन्छौं । परमेश्वर हाम्रो विश्वासका लेखक र पूरा गर्नुहुने हुनुहुन्छ । उहाँले हरेक थोक सृष्टि गर्नुभयो र हाम्रो जीवनको सम्पूर्ण नियन्त्रण उहाँमा रहेको छ । हाम्रो जीवनमा भएका हरेक घटना



**Jacob with his beloved son**

ईश्वरीय उद्देश्यको साथमा आएको छ । सृष्टिकर्तामाथि भरोसा राख्नुहोस् किनकि उहाँले भलाइको निम्ति हरेक थोकहरूलाई मिलाएर काम गर्नुहुन्छ ।

उदाहरणको रूपमा योसेफको कथालाई लेऔं । तिनी याकूबको प्रिय छोरा थिए, तिनको बुढेसकालमा जन्मिएको र अत्यन्तै खुसी भएका- यति धेरै कि तिनका दाइहरूमा डाह उब्जिएको थियो । योसेफ स्वप्नदर्शी थिए,



**Joseph had to walk a difficult path!**

परमेश्वरबाट प्रतिज्ञाहरू र अगमवाणीहरू प्राप्त गरिरहेका थिए कि एक दिन तिनको परिवार तिनको अघि झुक्नेछन् । तापनि, योसेफ जहाँको तहीँ भएको भए यो पूरा हुँदैनथ्यो भनेर परमेश्वरलाई थाहा थियो । यात्रा आवश्यक थियो ।

संरक्षकको रूपमा याकूबले योसेफलाई मिश्रजस्तो टाढा स्थानमा जान कहिल्यै पनि अनुमति दिँदैनथे, जहाँ परमेश्वरको योजनाले पर्खिरहेको थियो । त्यसैले, योसेफले कठिन मार्ग हिँड्नुपरहेको थियो: खाडल, कैद र अन्त्यमा दरबार । आक्रमणको गलत आरोप र कैदको साथमा भएका परीक्षामा पनि परमेश्वर हरेक अवस्थामा नियन्त्रित रहनुभएको थियो ।

प्रिय मित्रहरू,
सायद जीवन तपाईंको निम्ति राम्रो भएन । तपाईंले पीडादायी अनुभवहरू, अन्यायी व्यवहार, अपमान वा धोकाको सामना गर्नुभएको हुन सक्छ- योसेफजस्तै । तर याद राख्नुहोस्, तपाईंको सृष्टिकर्ताको नियन्त्रणमा छ ।

एक पटक योसेफले कचौरा टक्राउनेलाई छुटकाराको आशा गर्दै तिनलाई सम्झन भनेका थिए । तापनि, त्यो मानिस थिएन, परमेश्वर हुनुहुन्थ्यो, जसले तिनको उदय गराउनुभएको थियो । परमेश्वरले बन्द गर्नुभएको ढोका खोल्ने वा परमेश्वरले खोल्नुभएको ढोका बन्द गर्ने शक्ति कुनै मानिसमा छैन । परमेश्वरको सिद्ध समयमा भरोसा गर्नुहोस् किनकि **उहाँले आफ्नो समयमा हरेक थोक सुन्दर बनाउनुहुन्छ** (उपदेशक ३:११) ।

*....Contd. to page 6*

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From January 19, 2025 To February 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✞ परमेश्वरलाई प्रशंसा गरौं...

जनवरी १९: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूको आशिष्को निम्ति।

जनवरी २०: हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारहरूमाथि परमेश्वरको कृपा र अनुग्रहको निम्ति।

जनवरी २१: विगतको महिनाको हाम्रा सम्पूर्ण आर्थिक र आत्मिक आवश्यकता पूरा गर्नुभएको निम्ति।

जनवरी २२: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरू र त्यहाँका विश्वासीहरूमाथि आशिष्को निम्ति।

जनवरी २३: ईश्वरशास्त्रीय सेमिनारहरू नियमित रूपमा संचालन गर्न हामीलाई सक्षम बनाइरहनुभएको निम्ति।

जनवरी २४: अर्थपूर्ण र प्रभावकारी रूपमा मनाउन हामीलाई अनुमति दिँदै हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा खीष्टमस र नयाँ वर्षका उत्सव संचालन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति।

जनवरी २५: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेजहरू र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूका** सम्पूर्ण क्रियाकलापहरूका निम्ति।

जनवरी २६: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति।

जनवरी २७: सुसमाचार नपुगेका मानिसहरूकहाँ पुग्न ५ मिनेटको सन्देशको साथमा हाम्रो यूट्यूब सेवकाइलाई आशिष् दिनुभएको निम्ति।

जनवरी २८: १६ वटा भाषाहरूमा भएका हाम्रा प्रकाशनको निम्ति उहाँको आशिष्को निम्ति, जुन हाम्रो छापाखानामा छापिन्छन् र मिसन क्षेत्रमा पठाइन्छ।

जनवरी २९: असल स्वास्थ्य र ईश्वरीय सुरक्षाको साथमा हाम्रो **बोलावटको प्रतिध्वनिका** कर्मचारीलाई आशिष् दिनुभएको निम्ति।

जनवरी ३०: हाम्रा संयोजकहरू, फिल्ड मिसनरीहरू र उहाँका परिवारहरूमा आशिष्को निम्ति।

जनवरी ३१: मुख्य मण्डली र शाखा मण्डलीहरूका हाम्रा पास्टरहरू र सिनियर अगुवाहरूमा आशिष्को निम्ति।

फेब्रुअरी १: हाम्रो अस्पताल सेवकाइमा परमेश्वरको आश्चर्यकर्मको निम्ति।

फेब्रुअरी २: हाम्रो मुख्य मण्डलीमा पुरुष बैठकको निम्ति उहाँको आशिष्को निम्ति।

फेब्रुअरी ३: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा** आशिष्को निम्ति।

## ✞ कृपया प्रार्थना गरौं...

फेब्रुअरी ४: संसारका सम्पूर्ण देशहरूबाट नयाँ संक्रामक रोगहरूको उन्मूलनको निम्ति।

फेब्रुअरी ५: **बोलावटको प्रतिध्वनिको** युवा र आउटरिच सेवकाइहरूका निम्ति।

फेब्रुअरी ६: यो वर्ष **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति आवश्यक बजेटको निम्ति।

फेब्रुअरी ७: संसारभरि सम्पूर्ण महिला र बालबालिकाको सुरक्षाको निम्ति।

फेब्रुअरी ८: परमेश्वरका सेवकहरू र मिसनरीहरूका विरुद्ध हिंसा रोकिएका होऊन्।

फेब्रुअरी ९: हाम्रो एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिबाट सुरक्षाको निम्ति।

फेब्रुअरी १०: इस्राएल, प्यालेस्टाइन, रूस र युक्रेनमा शान्तिको निम्ति।

फेब्रुअरी ११: आफ्नो सार्वजनिक सरकारी परीक्षाको निम्ति तयारी गरिरहेका विद्यार्थीहरूका निम्ति।

फेब्रुअरी १२: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूको सुरक्षाको निम्ति।

फेब्रुअरी १३: हाम्रा कार्यालयका कर्मचारी र छापाखानाका कर्मचारीको स्वास्थ्यको निम्ति।

फेब्रुअरी १४: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति।

फेब्रुअरी १५: पृथ्वीमा परमेश्वरको राज्य निर्माण गर्न हामीलाई केन्द्रित दर्शन दिनुभएको होस्।

फेब्रुअरी १६: रोग, बिरामी र भोकमरीबाट सताइएका मानिसहरूका निम्ति।

फेब्रुअरी १७: हरेक मद्यपान गर्ने र दुष्ट काम गर्नेहरू पश्चात्तापमा आऊन्।

फेब्रुअरी १८: संसारभरि शान्तिको निम्ति।

*पृष्ठ ४ बाट*

हरेक अवस्थामा आफ्नो सृष्टिकर्तालाई सम्झनुहोस्। तपाईंको शिर उचाल्ने र उहाँको योजना पूरा गर्ने उहाँ नै हुनुहुन्छ। उहाँमा पूर्णरूपमा भरोसा गर्नुहोस्।

उहाँले हाम्रो भविष्य निर्माण गर्नुहुन्छ:

**किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका उन्नतिका निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई** (यर्मिया २९:११)।

आफ्ना दाइहरूले त्याग्दा खाडलमा योसेफले आशाहीनता महसुस गरेको हुनुपर्छ। तिनले सोचेका थिए, मेरो निम्ति कुनै भविष्य छैन। देशमा धनी मानिसको पत्नीमाथि आक्रमणको प्रयासको गलत आरोप लागेर तिनी कैदमा रहँदा तिनको निरासालाई कल्पना गरौं। उद्धारको सम्भावना असम्भव देखिन्थ्यो। पोतीफरजस्तो शक्तिशाली मानिसको अघि कसले खडा हुने साहस गर्न सक्थ्यो?

तापनि, योसेफको परीक्षाको बीचमा परमेश्वरले काम गर्नुभयो। अनपेक्षित अवस्थाहरूद्वारा परमेश्वरले योसेफलाई उचाल्न र तिनको शिरलाई उँचो बनाउन फारोलाई प्रयोग गर्नुभयो। तर यो रूपान्तरण एकै रातमा भएको थिएन। यी सबै अवस्थामा योसेफले परमेश्वरमा पूर्णरूपमा भरोसा गर्न सिके।

आज पनि परमेश्वर त्यस्तै हुनुहुन्छ। यो वर्ष, तपाईंलाई उच्च पार्न र तपाईंको आशा पुनर्स्थापित गर्न तपाईंको जीवनमा सही मानिसहरू उहाँले ल्याउन सक्नुहुन्छ। याद राख्नुहोस्, तपाईंको शिर उचाल्ने र महिमा उहाँको हो। तपाईंको अवस्था जतिसुकै दयनीय भए पनि वा अगाडिका मार्ग असम्भवजस्तो देखिए पनि आफ्नो सृष्टिकर्तामाथि भरोसा गर्नुहोस्। तपाईंले माग्नुभएको वा कल्पनाभन्दा पनि अधिक थोक उहाँले गर्न सक्नुहुन्छ।


## ३. तपाईंको जुटाउनुहुनेलाई सम्झनुहोस्:

**हाम्रा हातको शक्ति र बलले नै यो धन-सम्पत्ति हामीले कमायौं भनी तिमीहरूले मनमा सोचौला। तर परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ किनकि उहाँले नै तिमीहरूलाई धन-सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ...** (व्यवस्था ८:१७-१८)।

व्यवस्था ८ अध्याय बाइबलमा भएको मेरो मन पर्ने खण्डहरूमध्ये एउटा हो। यसले सम्झना दिलाउने खण्डको रूपमा हाम्रो सेवा गर्दछ, जुन हामी सबैसँग छ- शक्ति, सामर्थ्य, बुद्धि र सफलता- परमेश्वरबाट आउँछ। हाम्रा क्षमताहरूका बारेमा घमण्ड नगर्न वा हामीलाई दिनुहुनेलाई नबिर्सन सावधान गराउँदै यसले हामीलाई घमण्डको विरुद्ध चेतावनी दिन्छ।

यो पदले हाम्रा भित्री विचारलाई पनि सम्बोधन गर्दछ, तिमीले आफ्नो हृदयमा भन्न सक्छौ। कहिलेकाहीँ हाम्रा विचार र कार्य आपसमा मिलेका हुँदैनन् भनेर परमेश्वर बुझ्नुहुन्छ। त्यसकारण, हाम्रा हृदयका विचारलाई समावेश गर्न स्पष्ट शब्दभन्दा टाढा यो चेतावनी जान्छ।

जसै तपाईं यो वर्षमा कदम राख्नुहुन्छ, हरेक परिस्थितिमा परमेश्वर तपाईंको जुटाउनुहुने बन्नुभएको होस् भन्ने तपाईंको प्रार्थना भएको होस्। याद राख्नुहोस्, पाँच रोटी र दुई माछाको



**Five loaves and two fish - sufficient food!**

साथमा ५,००० मानिसलाई खुवाउनुहुने उही परमेश्वरले तपाईंका आवश्यकता पूरा गर्न पर्याप्तभन्दा बढी हुनुहुन्छ।

हुन सक्छ, तपाईंले यो वर्ष महत्वपूर्ण चुनौतिहरूका साथमा सुरु गरिरहनुभएको छ- तपाईंको घरलाई कसरी व्यवस्थापन गर्नए वा आफ्नो परिवारलाई कसरी जुटाउने भन्ने बारेमा अनिश्चित। तपाईंको हृदयमा परमेश्वरको पुनर्निश्चयता गुञ्जिएको होस्: म तेरो जुटाउनुहुने परमेश्वर हुन्छ। नडरा वा निरास नहो। अनिकालको समयमा थोरै पीठो र तेलको साथमा विधवा र त्यसको छोरालाई म सम्हाल्न सक्छु भने म तेरो लागि पनि जुटाउन सक्छु।

*....Contd. to page 8*


नहेम्याह साँझको बाइबल कलेज

ECHO OF HIS CALL 1968-2018 GOLDEN JUBILEE REACHING NATIONS

चेपाउक र सन्थोसापुरम्, Velachery चेन्नाइ

योग्यता: दश कक्षा र सोभन्दा माथि

भर्नाको लागि छिटो गर्नुहोस्।

माध्यम: तामिल (Part Time)

ईश्वरशास्त्रमा डिप्लोमा

Hindi (Residential) (Sponsorship Available)

विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

| | | |
|---|---|---|
| 1. | Prayer Service | : 24 hours |
| 2. | **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan. | |
| 3. | **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi) | |
| 4. | Theological Correspondence Courses: English & Tamil | |
| 5. | Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery) | |
| 6. | Great Commission Partners (Network of Pastors) | |
| 7. | Training Programmes – Seminars & Retreats | |
| 8. | Crusades | |
| 9. | Literature Distribution and Follow Up | |
| 10. | Gospel Printing Press | - Publications |
| 11. | St. Paul's Matriculation School - Village English High School | |
| 12. | Sunday Schools (Chepauk) | : 10.30 a.m. Sunday & |
| | (Velachery, Balaji Nagar & Santhoshapuram) | 3.00 p.m. Sunday |
| **13.** | **Early Morning Service** | **: 5.30 a.m. Sunday** |
| **14.** | **Preliminary Service** | **: 8.00 a.m. Sunday** |
| **15.** | **Tamil Service** | **: 8.30 a.m. Sunday** |
| **16.** | **Youth Meeting** | **: 11.00 a.m. Sunday** |
| **17.** | **Fellowship Lunch** | **: 1.00 p.m. Sunday** |
| **18.** | **Hindi Service** | **: 4.00 p.m. Sunday** |
| **19.** | **Telugu Service** | **: 5.00 p.m. Sunday** |
| **20.** | **English & Hindi Service** | **: 6.00 p.m. Sunday** |
| 21. | Feedback Time | : 7.30 p.m. Sunday |
| 22. | Women's Prayer | : 5.30 p.m. Wednesday |
| 23. | Men's Prayer | : 7.00 p.m. Friday |
| 24. | Discipleship Meeting | : 6.00 p.m. Saturday |
| 25. | House Meetings | : 6.30 p.m. Tuesday & Thursday |
| 26. | Special Holy Communion | : 6.00 a.m. 1st day of each month |
| 27. | Ministers' Meeting | : 6.00 p.m. First Saturday |
| 28. | Parents' Prayer | : 4.00 p.m. First Sunday |
| 29. | Night Prayer | : 9.30 p.m. Third Friday |
| 30. | Fasting Prayer | : 9:30 a.m. Second Saturday |
| 31. | Holy Communion | : Second Sunday Services |
| 32. | Youth / Kid Prayer | : 10.00 p.m. daily (over phone) |
| 33. | Staff Devotion | : 9.00 a.m. daily |
| 34. | Office | : 9.00 a.m. to 9.00 p.m. (except Sundays) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**
**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

**...परमप्रभुको खोजी गर्नेहरूलाई कुनै उत्तम कुराको अभाव हुंदैन (भजनसंग्रह ३४:१०)।**

...Those who seek the LORD shall not lack any good thing. – Psalm 34:10.

सन् १९६९ को वर्षदेखि जब हामीले **बोलावटको प्रतिध्वनिको सेवकाइहरू** सुरु गरेका थियौं, हामीलाई हाम्रो बहुसंख्यक सेवकाइहरूका निम्ति आर्थिक अभाव थियो । कर्मचारीहरूको तलब, छाप्ने कागज, हुलाक टिकट, टेलिफोन शुल्क, विद्युतको शुल्क, भवनको भाडा, यातायात, चन्दा, आदिको निम्ति हामीलाई पैसाको आवश्यकता थियो ।

व्यक्तिगत रूपमा भन्नुपर्दा, मेरो प्रभु येशू ख्रीष्ट मेरो निम्ति पर्याप्त छ । आजको दिनसम्म पैसाको आशा गर्दै कसैको ढोका वा कार्यालयमा म कहिल्यै पनि ढक्ढक्याउन गइनँ । आर्थिक सहायताको निम्ति मेरो मण्डलीको कुनै पनि सदस्यहरू वा साथीहरूलाई पनि नभन्ने बानी ममा थियो । तर आजसम्म, मलाई बोलावट दिनुहुने परमप्रभुले उहाँको आफ्नो आश्चर्यमय तरिकामा समयमा नै मेरा सबै आवश्यकताहरू पूरा गर्नुहुन्छ ।

आवश्यकता र कठिनाइको समयमा, मैले आफ्ना परिस्थितिहरूलाई मेरो सहने समयको रूपमा हेरें, त्यो समय, जब परमेश्वरले मलाई प्रार्थना गर्न बाध्य पार्नुभयो र प्रार्थनामा परमेश्वरसँग राम्रो सम्बन्ध बनाउने समय । यी अनुभवपछि मैले ठूलो आश्चर्यकर्ममा आनन्द गरें । यस्ता अवस्थाहरूमा, मलाई सहायता गर्न परमेश्वरले मैले नचिन्ने मानिसहरू पठाउनुभयो । कतिपय अवस्थामा मैले नचिनेका मानिसहरूबाट परमेश्वरले मलाई र मेरो परिवारलाई खुवाउनुभयो ।

सन् १९७५ मा मैले बापूजी प्रेसमा ३०० भारतीय रुपैयाँ तिर्नुपरेको थियो, जहाँ हाम्रो पत्रिका **बोलावटको प्रतिध्वनि** छापिन्थ्यो । मेरो हातमा पैसा नभएको हुनाले त्यो भुक्तानी गर्न ढिला भएको थियो । त्यो विशेष बिहीवार, म पैसा अर्को सोमवार तिरिदिनेछु भनेर मैले त्यो प्रेसको व्यवस्थापकलाई बताएँ । तर मसँग आम्दानीको स्रोत थिएन । मेरो आवश्यकताको बारेमा मैले परमेश्वरलाई प्रार्थनामा बताएँ र शान्तिमा रहें । अर्को आइतवारसम्मै मैले आवश्यक भएको रकम पाइनँ ।

सोमवार बिहान जब मैले हुलाक कार्यालयमा गएर पत्र बाकस खोलें, दक्षिण भारतमा मदुराइ र टुटीकोरिनको बीचमा पर्ने सानो गाउँ नागालापूरमबाट मैले एउटा खाम पाएँ । त्यस खामभित्र रु. ३०० को बैंक डिमाण्ड ड्राफ्ट (जुन च्यातिएको थिएन) थियो । त्यो दिनको निम्ति मेरो आवश्यकताको लागि त्यो पैसा पर्याप्त थियो । मैले प्रतिज्ञा गरेझैं प्रेसमा बाँकी भएको रकम तिर्न परमेश्वरले मलाई सक्षम बनाउनुभयो । परमेश्वरलाई महिमा भएको होस् ।

धेरै वर्षपछि नागालापूरम गाउँमा त्यो व्यक्तिलाई भेट्न म गएँ । उहाँ जुत्ता बनाउनुहुने गरिब मजदुर हुनुहुन्थ्यो भनेर थाहा पाएर म छक्क परें ।

मलाई देखेर उहाँ अत्यन्तै खुसी हुनुभयो । उहाँले भन्नुभयो, सर, त्यो विशेष बिहीवार, मेरो हृदयमा कसैले बोलिरहेको, **बोलावटको प्रतिध्वनि सेवकाइलाई** त्यो समयमा मसँग भएको रु. ३०० पठाउन बाध्य पारिरहेको मैले महसुस गरें । त्यसैले, मैले शुक्रवार त्यो पैसा पठाएँ र तपाईंले त्यो सोमवार पाउनुभयो ।



यसरी, प्रभु येशू ख्रीष्टले मेरो जीवनमा आश्चर्यकर्म गर्नुभयो ।

हो, यो कठिन मार्ग हो । तापनि, परमेश्वरको महिमाको महानताको गवाही हरेक दिन सक्षम भएको छ । परमप्रभु मेरो गोठालो हुनुहुन्छ । मलाई केही कुराको अभाव हुँदैन ।

जो बुद्धिमान छ, त्यसले यी कुराहरूमा ध्यान देओस्... (भजनसंग्रह १०७:४३) ।

************

....Contd. from page 6

## ४. आफ्नो शबाथ सम्झनुहोस्:



शबाथ प्राय: विवादस्पद विषय हो । शनिवार सातौं दिन हो भनेर मैले स्वीकार गरे पनि नयाँ करारका ख्रीष्टियानहरूले परम्परागत रूपमा आइतवार प्रभुको पुनरुत्थानको दिन भनेर मनाउँछन्- हाम्रो पवित्र दिनको रूपमा । तापनि, धेरै मध्यपूर्वका देशहरूमा शुक्रवारको दिनमा पवित्र दिन भनी मनाइन्छ । तपाईं यी क्षेत्रहरूमा बसोबास गर्नुहुन्छ ने शुक्रवार मण्डलीमा सहभागी हुनु संकृति बनेको हुन्छ ।

मेरो बुँदा सरल छ: तपाईंले शुक्रवार, शनिवार वा आइतवार मान्नुभए पनि त्यसलाई पवित्र राख्न सम्झनुहोस् । किनकि पवित्रशास्त्रले भन्दछ, **...त्यसकारण परमप्रभुले शबाथ-**

**दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र बनाउनुभयो** (प्रस्थान २०:११) । यस आज्ञाले त्यो दिनमा परमेश्वरलाई प्राथमिकता दिने बारेमा बताउँछ। उहाँसँग धेरै समय बिताउने, आराधना र मनन गर्नको लागि दिनलाई समर्पण गर्ने ।

केही मानिसहरूले शबाथदिनमा आराम गर्ने कुरालाई मण्डलीमा सहभागी हुनुको साटो सुत्न वा आरामदायी घुमघाम गर्ने बहानाको रूपमा व्याख्या गर्छन्। तर प्रिय मित्रहरू, म तपाईंलाई नम्रताको साथमा बिन्ती गर्दछु: जे परमेश्वरको हो, त्यो उहाँलाई दिनुहोस् । **...यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ र जे परमेश्वरका हुन्, ती परमेश्वरलाई देओ** (मत्ती २२:२१) । हप्ताको एक दिन परमेश्वरको हो- यो उहाँबाट नलुट्नुहोस् ।

दुर्भाग्यवश, हामीमध्ये धेरै हाम्रा प्राथमिकताहरू पहिले नै बनाएका छौं । हामीले परमेश्वरलाई थोरै मात्रै समय दिन्छौं, हाम्रा काम वा व्यक्तिगत जिम्मेवारीपछि मात्रै हामी उहाँकहाँ आउँछौं । हामीले यी कारणहरूका साथमा बहाना गर्छौं:

मैले काम गर्नुपर्छ, अन्यथा मेरा खर्च कसले व्यहोर्छ ?

मेरो परीक्षा पास गर्न मैले आइतवारका कक्षाहरूमा सहभागी हुन जरुरी हुन्छ ।

मैले खेल खेल्नुपर्नेछ, व्यावसायिक रूपमा प्रदर्शन गर्न परमेश्वरले मलाई सामर्थ्य दिनुभएको छ ।

यी कारणहरू वास्तविक देखिए पनि हामीले आफैंलाई सोध्नु जरुरी छ: यी छनोटहरूमा हामीले कसलाई महिमा गरिरहेका छौं ? बाइबलले भन्दछ, **...तिमीहरूले जे गर्छौ, ती सबै परमेश्वरको महिमाको निम्ति गर** (१ कोरिन्थी १०:३१) । के हामीले वास्तवमै उहाँलाई महिमा गरिरहेका छौं ? यो महत्वपूर्ण प्रश्न हो ।

## ५) तपाई कहाँ लड्नुभएको छ भनेर सम्झनुहोस्।



**Repent and turn back to Me!**

बाइबलले हामीलाई गम्भीर चेतावनी दिन्छ: **यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ र पश्चात्ताप गर अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर तिमीले पश्चात्ताप गरेनौ भने तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु** (प्रकाश २:५) ।

यो वर्षको सुरुवातमा हाम्रा जीवनलाई मूल्यांकन गर्न हामी रोकिऔं । हामी कहाँबाट खसेका छौं ? हामीले के गर्न सुरु गर्नु, रोक्न वा भिन्दै रूपमा गर्न आवश्यक छ ? परमेश्वरले हामीलाई उहाँकहाँ फर्कन नम्रतापूर्वक बोलाइरहनुभएको छ, विशेष गरी अहिले ।

उहाँकहाँ आउनुहोस् । उहाँ प्रेम र आशाले भरिएर खुल्ला अङ्गालोको साथमा पर्खिरहनुभएको छ। हामीले उहाँको प्रेम, कृपा वा निगाहको योग्य नभएको महसुस गरे पनि यो सम्झना गर्नुहोस्: हामीलाई उहाँको अनुग्रह आवश्यक छ भनेर थाहा पाएर नै येशू क्रूसमा टाँगिनुभयो। उहाँबिना हामीले केही पनि गर्न सक्दैनौं ।

हाम्रा पाप क्षमा गर्न, हाम्रा तोडिएका टुक्राहरू लिन र केही नयाँ सृष्टि गर्न उहाँ तयार हुनुहुन्छ। साँचो प्रश्नचाहिँ यही हो: के हाम्रो तोडिएको कुरा उहाँमा समर्पण गर्ने र केही सुन्दर कुरा बनाउन उहाँलाइ दिने चाहना हामीले गर्छौं ?

प्रभुमा फलदायी र उपयोगी वर्ष भएको होस् । प्रभुको प्रेमको साथमा तपाईंले धेरै मानिसहरूको जीवनलाई छुनुभएको होस् र तपाईंको वरिपरि भएको संसारमा भिन्नता बनाउँदै येशू ख्रीष्टको ज्योति निरन्तर चम्काउनुहोस् ।

************


## तुरुन्तै आवश्यकता

बोलावटको प्रतिध्वनि तीव्र गतिमा बिस्तार भइरहेको छ । हामीलाई मिसनमा केन्द्रित, समर्पित र विश्वासयोग्य पुरुष र महिला आवेदकहरू निम्न पदहरूका निम्ति आवश्यक रहेको छ:

- हाम्रो मुख्य मण्डलीको निम्ति पूर्णकालीन सहपास्टरहरू
- चेन्नाइमा हाम्रा शाखा मण्डलीहरूका निम्ति पूर्णकालीन सहपास्टरहरू
- पूर्णकालीन सुरक्षाकर्मीहरू
- डिटिपी अपरेटरहरू र टाइपिस्टहरू
- अंग्रेजी र अन्य भाषाहरूमा राम्ररी बोल्ने र लेख्ने
- प्रशासनमा रुचि राख्ने कार्यालय व्यवस्थापकहरू
- पूर्णकालीन बाइबल कलेजका प्राध्यापकहरू
- पूर्णकालीन चालकहरू
- मेट्रिकुलेसन स्कुलको निम्ति प्रधानाध्यापक र शिक्षकहरू
- पूर्णकालीन पकाउनेहरू (महिला)
- पूर्णकालीन हाउसकिपिङ कर्मचारीहरू

**तलब अनुभव र योग्यताको आधारमा हुनेछ**

Please Contact **ECHO OF HIS CALL** office

**यहां आवदेन दिनुहोस्:**

**ह्वाटसएप नम्बर : 98412 71858**

**इमेल: : sam@echoofhiscall.org**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
- Editor

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th JANUARY 2025.**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**